# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।२९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रले ९०० मिटर तामाको तार बेचेर खाएको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्र कोत्रे पोल प्लान्टमा रहेको स्टोरबाट विभिन्न परिमाणमा 70mmsq १७४ मि. र 120mmsq को ७४६ मि. PVC तार हराएको भनी नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रका स्टोर प्रमुखले मिति २०८०/०१/०५ मा कार्यालय प्रमुख समक्ष निवेदन दिएको देखिएको, उक्त निवेदनउपर मिति २०८०/०१/१० मा नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रबाट छानविन गर्न छानविन कमिटी गठन गरिएको देखिएको, हेम्जा सब स्टेशनबाट आ.व. २०७९/०८० को माघदेखि बैशाखसम्म माग भई आएका माग फारम पेश गर्नुहुन भनी पत्राचार गरिएकोमा हेम्जा सबस्टेशनबाट मिति २०७९/१२/२० मा 80 mm Dia Earth Electrode -4 No.s, 25*3mm Copper Strip-9kg, Earthing Chemical Compound- 100Kg र Cable Shoes 50sqmm- 8 No.s को माग फारम प्राप्त भएको देखिएको, नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रको स्टोर फाँटमा रहेको रेकर्ड अनुसार स्टोर फाँटबाट हराएको भनिएको तार मिति २०७७/०६/३० मा ट्रान्स्फर भई जिन्सी आम्दानी बाधिएको, हिनामिना भएको ७० मि.मि.को तार १७४ मिटर र १२० मि.मि.को तार ७४६ मिटर मौज्दात बाँकी रहँदा हराएको जानकारी स्टोरबाट मिति २०८०/०१/०५ मा प्राप्त भएको देखिएको, उक्त तारको सम्बन्धमा आ.व. २०८०/०८१ को जिन्सी निरीक्षण प्रतिवेदनमा सामान नभेटिएको भनी उल्लेख गरिएको देखिएको, नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रको गठित छानविन कमिटीले पेश गरेको छानविन प्रतिवेदनमा मिति २०७९/११/२१ मा गेटपास नं. २९४ बाट २८ मिटर तार खर्च काटी ठेकेदारले लगेको तर पछि सो परिमाणको तार मौखिक निर्देशनको आधारमा स्टोर फिर्ता गरिएको, उक्त स्टोर फिर्ता परिमाणको तार पनि नभेटिएको, हराएको तारहरुको परिमाण धेरै भएको हुँदा कम्पाउण्ड बाहिर लैजान मेशिन उपकरणहरुको प्रयोग भएको हुनुपर्ने अवस्था रहेकोले योजनावद्ध तवरबाट ७० mmsq १७४ मिटर तारको मूल्य रु.२,००,६७१।२५ र १२० mmsq ७४६ मिटर तारको मूल्य रु.११,९२,९३१।७८ गरी कुल रकम रु.१३,९३,६०३।०३ परिमाणको तारहरु हराएको भन्नेसमेत व्यहोराको प्रतिवेदन देखिएकोमा सोही प्रतिवेदनको व्यहोरालाई समर्थन गरी नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशानलयबाट नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयको छानविन कमिटीले बिगो असुल उपर हुन सिफारिस गरेको देखिएको, नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को परिच्छेद ६ विनियम ३४ को बुँदा (१) मा उल्लेखित कानुनी व्यवस्था विपरित केन्द्र प्रमुख राजीव कुमार सिंहले आफ्नो उत्तरदायित्व तथा जिम्मेवारी जानी बुझी गैरकानूनी लाभका लागि पूरा गरेको नदेखिएको, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण भित्र उपनियम (३) मा उल्लेखित व्यवस्था विपरित सहायक लेखा अधिकृत (स्टोर प्रमुख) लोक प्रसाद काफ्लेले मिलेमतोमा बदनियत राखी सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी तथा नासेमासेको देखिएको यसैगरी सुरक्षा गार्डहरू हेम शर्मा रिमाल र राम कुमार पुर्जा डिउटीमा खटिएको अवस्थामा नै स्टोरको कम्पाउण्डबाट कार्यालयको ९०० मिटर भन्दा बढी तामाको तार हिनामिना भएको अवस्था देखिँदा निजहरुको प्रत्यक्ष संलग्नतामा पोखरा वितरण केन्द्रको उक्त तामाको तार कम्पाउण्ड बाहिर लैजान सुरक्षा गार्डहरूको सहयोगमा मेशिन उपकरणहरुको प्रयोग भई योजनावद्ध तवरबाट सबै प्रतिवादीहरुको मिलेमतो तथा योजनाबाट बदननियतपूर्ण ढंगले उक्त तार हिनामिना गरेको देखिएको, यसरी, मिति २०७९/११/२१ सम्म १२० मि.मि.को तार ७४६ मिटर र मिति २०७९/१०/२७ गतेसम्म ७० मि.मि.को तार

१७४ मिटर स्टोरमा रहेको भन्ने नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रको Stock Ledger अभिलेखबाट देखिएकोमा मिति २०८०/०१/०५ गते उक्त सार्वजनिक संस्थाको सम्पत्ति तार नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्र कोत्रे पोल प्लान्ट स्थित स्टोरमा रहेको नदेखिई जम्मा रु.१३,९३,६०३।०३ (तेह्र लाख त्रियानब्बे हजार छ सय तीन रुपैयाँ तीन पैसाँ) बराबरको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको देखिंदा नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रका तत्कालीन केन्द्र प्रमुख राजीव कुमार सिंह, सहायक लेखा अधिकृत (स्टोर प्रमुख) लोक प्रसाद काफ्ले, सेक्युरिटी गार्डहरु राम कुमार पुर्जा र हेम शर्मा रिमालको समेत आपसी मिलोमतो तथा योजनामा प्रतिवादीहरुले आफूहरुलाई गैरकानूनी लाभ तथा नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल विद्युत प्राधिकरणलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले कार्य गरे गराएको देखिएकोले निज प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूर भएको हुँदा देहायका प्रतिवादीहरुउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नेपाल विद्युत प्राधिकरण, पोखरा वितरण केन्द्रका तत्कालीन केन्द्र प्रमुख **राजीव कुमार सिंह** र तत्कालीन सहायक लेखा अधिकृत (स्टोर प्रमुख) **लोक प्रसाद काफ्ले** | **जनही**<br>रु.१३,९३,६०३।०३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा बिगो रु. तेह्र लाख त्रियानब्बे हजार छ सय तीन रुपैयाँ तीन पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | कान्तिपुर सेक्युरिटी सर्भिस प्रा.लि., काठमाडौंका सेक्युरिटी गार्ड **राम कुमार पुर्जा** र **हेम शर्मा रिमाल** | रु.१३,९३,६०३।०३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई बिगो रु. तेह्र लाख त्रियानब्बे हजार छ सय तीन रुपैयाँ तीन पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने